बुढीनन्दा नगरपालिका द्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड ८ | संख्या : ८ | मितिः २०८०/११/०५ गते

नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८०/११/०५

भागः २

# स्थानिय खाद्य समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि, २०८०

# स्थानिय खाद्य समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः** बुढीनन्दा नगरपालिकामा नागरिकको खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकारको संरक्षण, प्रवर्द्धन एवं परिपुर्ति गर्न तथा स्थानिय स्तरमा खाद्य आपुर्ति तथा वितरण प्रणालीलाई सहज बनाउने प्रयोजनका लागि स्थानिय खाद्य समन्वय समिति गठन, सो समितिको सञ्चालन विधि तथा काम, कर्तव्य र अधिकार निर्धारण गर्न आवश्यक भएकाले,

बुढीनन्दा नगरपालिकाले खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन, २०७५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"स्थानिय खाद्य समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि बुढीनन्दा नगर कार्यपालिकाबाट स्वीकृत भई अधिकार प्राप्त अधिकारीले प्रमाणित गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यविधि" भन्नाले बुढीनन्दा नगरपालिकाले जारी गरेको स्थानिय खाद्य समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि, २०८० सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले "खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन, २०७५" सम्झनु पर्दछ ।

(ग) ''स्थानिय तह'' भन्नाले बुढीनन्दा नगरपालिका तथा त्यस अन्तर्गत रहने वडा कार्यालय समेतलाई सम्झनु पर्दछ ।

(घ) ''समिति'' भन्नाले दफा ३ बमोजिमको स्थानिय खाद्य समन्वय समितिलाई सम्झनु पर्दछ ।

(ङ) ''अध्यक्ष'' भन्नाले समन्वय समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(च) ''सदस्य'' भन्नाले समन्वय समितिको सदस्य सम्झनु पर्दछ ।

(छ) ''सदस्य-सचिव'' भन्नाले समन्वय समितिको सदस्य-सचिवलाई सम्झनु पर्दछ ।

(ज) ''प्रदेश सरकार'' भन्नाले सुदुरपश्चिम प्रदेश सरकारलाई सम्झनु पर्दछ ।

(झ) ''मन्त्रालय'' भन्नाले नेपाल सरकार तथा सुदुरपश्चिम प्रदेश सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

(ञ) ''सचिवालय'' भन्नाले समन्वय समितिको सचिवालय सम्झनु पर्दछ ।

## परिच्छेद-२

## स्थानिय खाद्य समन्वय समितिको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

३. **स्थानिय खाद्य समन्वय समितिको गठनः** (१) यस बुढीनन्दा नगरपालिकामा खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकारको संरक्षण, प्रवर्द्धन एवं परिपूर्ति गर्न तथा स्थानिय स्तरमा खाद्य आपूर्ति र वितरण प्रणालीलाई सहज बनाउने कार्यलाई व्यवस्थित गर्ने प्रयोजनका लागि देहाय बमोजिमको खाद्य समन्व समितिको गठन हुनेछः

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख, नगरपालिका | - अध्यक्ष, | १ जना |
| (ख) | उपप्रमुख, नगरपालिका | - सदस्य, | १ जना |
| (ग) | संयोजक, नगरपालिकाको आर्थिक विकास समिति | - सदस्य, | १ जना |
| (घ) | संयोजक, नगरपालिकाको समाजिक विकास समिति | - सदस्य, | १ जना |
| (ङ) | नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत | - सदस्य, | १ जना |
| (च) | नगरपालिकाको पशुपंक्षी विकास शाखा प्रमुख | - सदस्य, | १ जना |
| (छ) | प्रतिनिधि, स्थानिय खाद्य अधिकार संजाल | - सदस्य, | १ जना |
| (ज) | प्रतिनिधि, राष्ट्रिय कृषक समुह वा महासंघ | - सदस्य, | १ जना |
| (झ) | नगरमा कार्यरत गै.स.स.मध्येबाट प्रतिनिधि | - सदस्य | १ जना |
| (ञ) | प्रतिनिधि, नेपाल रेडक्रस सोसाईटी (स्थानिय स्तर) | - सदस्य | १ जना |
| (ट) | खाद्य संस्थान डिपो प्रमुख वा प्रतिनिधी | - सदस्य | १ जना |
| (ठ) | नगरपालिकाको कृषि विकास शाखा प्रमुख | -सदस्य सचिव, | १ जना |

(२) उपदफा (१) को खण्ड (छ), (ज), (झ) र (ञ) बमोजिम मनोनीत सदस्यको पदावधि तिन वर्षको हुनेछ र निजहरु पुनः मनोनयन हुन योग्य हुनेछन ।

(३) समितिको पहिलो बैठकले उपदफा (१) को खण्ड (छ), (ज), (झ) र (ञ) बमोजिम प्रतिनिधित्व हुने सदस्यका लागि सो सँग सम्बन्धीत संघसंस्थासँग पत्राचार गर्नेछ र सोही बमोजिम सिफारिस भई आएका सदस्यहरुलाई समितिको सदस्यमा मनोनयन गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको छनौट समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।

(५) समितिले आवश्य देखेमा सम्बन्धीत विज्ञ वा संस्थालाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको सचिवालय नगरपालिकामा वा समितिले तोकेको अन्य स्थानमा रहनेछ ।

(४). **स्थानिय खाद्य समन्वय समितिको काम, कर्तव्य र अधिकारः** (१) स्थानिय खाद्य समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) ऐनले सुनिश्चित गरेको खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकारलाई स्थानिय तहमा कार्यान्वयन गर्ने गराउने,

(ख) नगरपालिकामा खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको संरक्षण, प्रवर्द्धन र परिपुर्ती गर्ने प्रयोजनका लागि आवश्यक पर्ने कानून, नीति, रणनीति, कार्यक्रम तथा योजना तर्जुमाका लागि स्थानिय सरकारलाई सुझाव तथा सिफारिस गर्ने,

(ग) नगरपालिकाको विद्यमान कानून, नीति, योजना, कार्यक्रम तथा परियोजनाको खाद्य प्रणालीमा प्रभावको मूल्यांकन गरी तिनमा समायोजन, परिमार्जन र सुधारका लागि स्थानिय सरकारलाई सुझाव दिने,

(घ) नगरपालिकामा खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकार संरक्षण र प्रवर्धनका लागि आवश्यक कार्यक्रमहरु निर्माण र कार्यान्वयन गर्ने गराउने सम्बन्धमा राष्ट्रिय खाद्य परिषद र प्रदेश खाद्य परिषदसँग समन्वय र सहकार्य गर्ने गराउने,

(ङ) नगरपालिकामा खाद्य तथा पोषण सुरक्षा सुचना केन्द्रको स्थापना गरी खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतासँग सम्बन्धित एकिकृत सुचना संकलन तथा विश्लेषण गरी सुचना प्रवाहलाई प्रभावकारी बनाउने व्यवस्था मिलाउने,

(च) नगरपालिकामा खाद्य तथा पोषणको क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका निकायहरुसँग समन्वय र परामर्शको आधारमा खाद्य तथा पोषण सुरक्षा योजना निर्माण गरी कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने,

(छ) नगरपालिकामा ऐन कार्यान्वयनको अवस्थालाई अनुगमन र मापन गर्नका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको अधिकारको अनुगमन सुचकाङ्क तयार गरी सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्ने ।

(ज) खाद्य अधिकार अनुगमन सुचकाङ्कको आधारमा प्रत्येक दुई बर्षमा ऐन कार्यान्वयनको अवस्था प्रगति मापन गरी प्रतिवेदन सार्वजनिक गर्ने गराउने,

(झ) खाद्य अधिकार तथा खाद्य सम्प्रभूताको अधिकारको उपभोगमा दिर्घकालिन प्रभाव पार्ने निर्णय लिनु अघि सम्बन्धित निकायले उक्त प्रभावको मूल्यांकन गरी प्रतिकुल प्रभावको न्युनीकरण गर्नुपर्ने व्यवस्था गर्ने वा गराउने,

(ञ) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूता सम्बन्धी अधिकारको क्षेत्रमा कार्यरत स्थानिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी, गैरसरकारी तथा निजिक्षेत्रसँग समन्वय र सहकार्य गरी काम कारबाहीमा दोहोरोपन आउन नदिन समन्वयात्मक भूमिका खेल्ने,

(ट) भोकमरीको रोकथाम तथा नियन्त्रणको लागि तत्कालीन, अल्पकालीन तथा दीर्घकालीन योजनाहरु निमार्ण तथा कायान्वयन गर्ने,

(ठ) नगरपालिका भित्र गरिबी वा भोकमरीको जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय र क्षेत्रको नियमित पहिचान गरी एकिकृत तथा अध्यावधिक अभिलेख राख्ने व्यवस्था गर्ने वा गराउने,

(ड) नगरपालिका भित्र रहेको गरिबी, भौगोलिक विकटता, विपद् वा त्यस्तै अन्य कुनै कारणले खाद्य तथा पोषण सुरक्षाको जोखिममा रहेका लक्षित घर परिवारको पहिचान गरी एकिकृत र अद्यावधिक अभिलेख राख्ने व्यवस्था मिलाउने,

(ढ) खाद्य तथा पोषण सुरक्षाको जोखिममा रहेका पहिचान भएका लक्षित घर परिवारलाई खाद्य सहायता परिचय पत्र वितरण गर्ने व्यवस्था मिलाउने,

(ण) नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी खाद्य तथा पोषण सुरक्षाको जोखिममा रहेका लक्षित घर परिवारलाई सहुलियत मूल्यमा र खास प्रकृतिका लक्षित घर परिवारलाई निःशुल्क खाद्य सहायता उपलब्ध गराउन व्यवस्था मिलाउने,

(त) लक्षित घर परिवारलाई खाद्य सहायता उपलब्ध गराउन तथा आपतकालिन अवस्था वा खाद्य सङ्कटको समयमा खाद्य तथा पोषणको आवश्यकता पुरा गर्नका लागि चाहिने खाद्य सञ्चित गर्न नगरस्तरिय 'खाद्य भण्डारण केन्द्र' को स्थापना गरी खाद्यको सञ्चिति र

वितरण प्रणालीको व्यवस्था मिलाउन नेपाल सरकार तथा स्थानिय तहसँग समन्वय र सहजिकरण गर्ने,

(थ) नगरपालिका क्षेत्रभित्र बिक्री वितरणको लागि राखिएको खाद्य पदार्थको स्वच्छता र गुणस्तर सुनिश्चितताका लागि आवश्यक समन्वय गर्ने गराउने,

(द) प्राकृतिक प्रकोप एवं अन्य विपद्का कारणले कुनै क्षेत्रमा खाद्य संकट उत्पन्न भएमा सिघ्र खाद्यको उपलब्धता र पहुँच वढाई खाद्य संकट सम्बोधन गर्न पहल गर्ने,

(ध) विपद्को समयमा प्रभावित व्यक्ति, परिवार, समुदाय र क्षेत्रमा उपलब्ध गराईने खाद्य सहायता सम्बन्धी मापदण्डहरुको परिपालना भए नभएको अनुगमन गरी मन्त्रालय तथा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(न) सिमान्तिकृत तथा गरीबीको रेखामुनि रहेका व्यक्ति, परिवार वा समुदायको खाद्य सुरक्षाको संरक्षण र प्रबर्द्धन गर्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको भूमिका अभिवृद्धि गर्ने गराउने,

(प) दलित, आदिवासी जनजाति लगायतका स्थानिय समुदायले जिविकोपार्जन तथा खाद्य सुरक्षाका लागि अपनाएका परम्परागत उपाय तथा खाद्य उत्पादनका स्रोतहरुको संरक्षण र प्रवर्धनको व्यवस्था गर्ने वा गराउने,

(फ) नगरक्षेत्र भित्र रहेका किसानको पहिचान र वर्गीकरण गरी किसान परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाउने,

(ब) किसानको कृषी सम्बन्धी नीति निर्माणमा सहभागिता हुने, पहिचान र सम्मान पाउने, खाद्य तथा कृषि उत्पादन र वितरण प्रणालीमा सहभागी हुने, कृषि कार्यका लागि आवश्यक पर्ने साधन र स्रोतमा पहुँच हुने, स्थानिय बिउ विजन, प्रविधि, औजार र कृषि प्रजातिको छनौट तथा त्यसको बौद्धिक सम्पत्तिको संरक्षण प्राप्त गर्ने, परम्परागत तथा रैथाने खाद्यको संरक्षण गर्ने तथा कृषि पेशाबाट स्वेच्छाचारी रुपले बंचित गर्ने कार्य विरुद्ध संरक्षण प्राप्त गर्न नीतिगत व्यवस्था गर्ने गराउने,

(भ) नगरपालिका भित्र रहेको कृषि योग्य भुमिको दिगो उपयोग र व्यवस्थापन, लक्षित कृषि विकास कार्यक्रम संचालन, स्थानिय कृषि बाली तथा पशुजन्य उत्पादन प्रवर्द्धनका लागि स्थानिय तहसँगको समन्वय र सहकार्यमा आवश्यक कार्य गर्ने गराउने,

(म) नगरपालिकाभित्र कृषिको दिगो विकाश, खाद्य उत्पादनको अभिबृद्धि वा खाद्य तथा पोषण सुरक्षाको पर्वद्धन गर्न आवश्यक अध्ययन, अनुसन्धान तथा बैज्ञानिक प्रविधीको विकाशको लागि आवश्यक व्यवस्था गर्ने गराउने,

(य) सहकारी खेती, कबुलियती खेती, करार खेती वा सामूहिक खेतीलाई प्रवर्द्धन गरी बाँझो रहेको उत्पादनशील भूमिको अधिकतम उपयोगको व्यवस्था गर्ने गराउने,

(र) गरीव, दलित, लोपोन्मुख, आदिवासी किसान वा भूमिहीन किसानको हकहितको संरक्षणका लागि लक्षित कृषि विकास कार्यक्रम बनाई तयार गरी लागू गर्ने गराउने,

(ल) खाद्य अधिकार, खाद्य तथा पोषण सुरक्षा तथा खाद्य सम्प्रभूताको अधिकारका क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ती, संघसस्था तथा नीजि क्षेत्रलाई पुरस्कृत गर्ने,

(व) गैरसरकारी संघसस्था, निजीक्षेत्र तथा अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी खाद्य अधिकार, खाद्य तथा पोषण सुरक्षा तथा खाद्य सम्प्रभूताको अधिकारका सम्बन्धमा शिक्षा र जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम तर्जुमा गरी लागू गर्ने गराउने,

(स) समितिको सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ष) समितिको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(श) समिति समक्ष पेश भएका योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ह) समितिको उद्देश्य प्राप्त गर्न आवश्यक पर्ने अन्य काम गर्ने वा गराउने ।

(२) नगरपालिकामा खाद्यको उपलब्धता, सञ्चिती, आपुर्ति तथा वितरण प्रणालीको सञ्चालनको नियमित रुपमा अनुगमन र सुपरिवेक्षण गर्नको लागि समितिले कृषि विकास शाखाको प्रमुखको संयोजकत्वमा कृषि बिज्ञ, किसान प्रतिनिधि, खाद्य अधिकारकर्मी र उपभोक्ता प्रतिनिधी समेतको संलग्नतामा एक अनुगमन तथा सुपरिवेक्षण उपसमिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको उपसमितिले नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण गरी समिति समक्ष प्रगति प्रतिवेदन बुझाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम कार्य प्रगती विवरण अध्यक्षले बार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेछ।

(५) वडा स्तरमा समितिको काम कारवाहीलाई छिटो, छरितो एवं प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक समन्वय र सहजिकरणका लागि समितिले वडा स्तरमा समेत अलग्गै संयन्त्र स्थापना तथा सञ्चालनको प्रबन्ध गर्न सक्नेछ ।

**(५). स्थानिय खाद्य समन्वय समितिको बैठक सम्बन्धि व्यवस्था :** (१) समितिको बैठक प्रत्येक चार महिनामा बस्नेछ । आवश्यकता अनुसार आपतकालिन अवस्था वा खाद्य संकटको अवस्थामा अध्यक्षले बोलाएको समयमा बैठक बस्न सक्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तीमा १५ दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना समितिको सचिवले समितिका सबै सदस्यलाई दिनेछ ।

(४) समितिमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम र बजेट सम्बन्धी विषयमा छलफलको लागि बस्ने बैठकको लागि कम्तीमा पचास प्रतिशत सदस्यको उपस्थिति आवश्यक हुनेछ ।

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा दफा ३ को खण्ड (१) को खण्ड (ख), (ग), (घ) वा (ङ) को सदस्य मध्ये वरिष्ठतम सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) समितिले आवश्यक देखेमा खाद्य अधिकार तथा खाद्य सम्प्रभूता विषयसँग सम्बन्धित व्यक्ति र सम्बन्धित विषयको विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(९) समितिको निर्णय सदस्य-सचिवले अभिलेख गर्नु पर्नेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४

## विविध

६. **खाद्य तथा पोषण सुरक्षा सुचना केन्द्र सम्बन्धि व्यवस्था:** (१) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धि सुचना संकलन तथा विश्लेषण गरी एकिकृत खाद्य सुचना प्रणालीको विकास गर्नका लागि समितिको मातहतमा सञ्चालन हुने गरी एक खाद्य तथा पोषण सुरक्षा सुचना केन्द्र रहनेछ ।

(२) खाद्य तथा पोषण सुरक्षा सुचना केन्द्रको रेखदेख र सञ्चालनको लागि नगरपालिकाले आवश्यक कर्मचारीको व्यवस्था गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको केन्द्रको काम, कर्तव्य र अधिकार तथा सञ्चालनको विधि र प्रकृया समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **प्राविधिक समिति वा कार्यदल वा विज्ञ समुह गठन गर्न सक्ने:** (१) समितिले समितिको काम कारवाहीलाई प्रभावकारी रुपमा सम्पादन गर्नका लागि आवश्यकता अनुसार महिला तथा पुरुषको समानुपातिक प्रतिनिधित्व हुने गरी प्राविधिक समिति, कार्यदल वा विज्ञ समुह गठन गरी बिशेषज्ञ सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमाजिम गठन भएको प्राविधिक समिति, कार्यदल वा विज्ञ समुह गठन गर्दा वा विषय विशेषज्ञ तोक्दाका वखत नै समितिले स्पष्ट कार्य क्षेत्रगत शर्त (टर्म्स अफ रिफ्रेन्स) निर्धारण गरेर सोही बमोजिम कार्य गराउनेछ ।

८. **अधिकार प्रत्यायोजन:** (१) समितिले आवश्यकता र औचित्यताको आधारमा केही अधिकार समितिको कुनै सदस्य, प्राविधिक समिति, कार्यदल, विज्ञ समूह वा स्थानिय तहका कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९. **सम्पर्क गर्ने:** समितिले संघीय र प्रदेश सरकारसँग सम्पर्क राख्दा बुढीनन्दा नगरपालिका मार्फत राख्नु पर्नेछ ।

१०. **विधि तथा प्रकृया तोक्ने:** कार्यविधिको अधिनमा रही समितिले आफ्नो कामलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार विधि, प्रकृया वा मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्नेछ ।

११. **बाधा अडकाउ फुकाउने:** यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै द्धिविधा वा बाधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा अडकाउ भएमा ऐनको उद्देश्य विपरित नहुने गरी बुढीनन्दा नगरपालिकाले त्यस्तो बाधा अडकाउ फुकाई कार्यान्वयनका लागि निर्देशन दिन सक्नेछ ।

## अनुसूची २

( दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

बुढीनन्दा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः...८ संख्याः..८ मितिः २०८०..../११../०५..

**भाग-२**

**बुढीनन्दा नगरपालिका**

कार्यपालिकाबाट जारी २०८०।११।०५

आज्ञाले,

नाम सन्तोष कुमार साह

नि प्रमुख प्रशासकीय अधिकृत